बैठक संख्याः १२- ०७७/७८ मितिः २०७७/१०/१४

<u>प्रस्तावहरुः</u>

प्रस्ताव नं. १: शिक्षक दरवन्दी मिलान तथा समायोजन सम्बन्धमा।

प्रस्ताव नं. २: कर्मचारी दरवन्दी सम्बन्धमा।

प्रस्ताव नं. ३: वजेट कार्यक्रम संशोधन सम्बन्धमा।

प्रस्ताव नं. ४: गाउँ सभा तयारी सम्बन्धमा।

प्रस्ताव नं. ५: खरका छाना विस्थापन कार्यक्रम सम्बन्धमा।

प्रस्ताव नं. ६: गरिव घर परिवार तथ्याङ्क संकलन सम्बन्धमा।

प्रस्ताव नं. ७: वडा कार्यालयको जग्गा रजिष्टेशन शुल्क सम्बन्धमा।

प्रस्ताव नं. ८: प्रधानमन्त्रि रोजगार कार्यक्रम छनौट सम्बन्धमा।

प्रस्ताव नं. ९: प्रहरी चौकी माग गर्ने सम्बन्धमा।

प्रस्ताव नं. १०: आधारभूत तह (कक्षा - ८) परीक्षा संचालन तथा व्यवस्थापन समिति गठन सम्बन्धमा।

प्रस्ताव नं. ११: कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिहरुलाई राहत सम्बन्धमा।

प्रस्ताव नं. १२: मकै जोन प्लट तोक्ने सम्बन्धमा।

प्रस्ताव नं. १३: मुख्यमन्त्रि ग्रामिण विकास कार्यक्रमको पुँजीगत रकमबाट सुकुम्वासी घर बनाउनको लागि लाभग्राही छनौट सम्बन्धमा।

प्रस्ताव नं. १४: विविध सम्बन्धमा।

सत्यवती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**निर्णयहरु:**

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा शिक्षक दरवन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७ को परिधीभित्र रही शिक्षक दरवन्दी मिलान कार्यदल र गाउँ शिक्षा समितिबाट प्राप्त सुझाव सहित तपसिल बमोजिमको विद्यालयहरुबाट दरवन्दी कटौती हुने, थप हुने र समायोजन हुने गरि सर्वसहमतीबाट निर्णय गरियो ।

**तपसिल:**

शिक्षक दरबन्दी मिलान तथा समायोजन कार्यविधि, २०७७ अनुरुप यस सत्यवती गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुबाट दरबन्दी कटौती हुने , थप हुने र समायोजन हुने विद्यालय तथा शिक्षकहरुको विवरण:

| क्र. सं | प्रा.वि तहको दरबन्दी कटौती हुने विद्यालय | प्रा.वि तहको दरबन्दी कटौती संख्या | शिक्षकको नाम | थप हुने विद्यालय | थप दरबन्दी | समायोजन हुने विद्यालय | समायोजन दरवन्दी |
|---|---|---|---|---|---|---|---|
| १ | श्री सत्यवती आ.वि (१-३) | १ | कुमारी श्रीस | – | – | – | – |
| २ | श्री भवानी शंकर आ.वि (१-३) | १ | भोजराज ढकाल | – | – | – | – |
| ३ | श्री चिदीपानी मा.वि (१-१०) | १ | राधिका ढकाल | – | – | श्री चिदीपानी मा.वि (१-१०) | १ |
| ४ | श्री द्वागा आ.वि (१-३) | १ | रिक्त | – | – | – | – |

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | श्री गणेश आ.वि (१-३) | १ | लक्ष्मी भण्डारी | – | | – | – |
| ६ | श्री भार्से मा.वि (१-१०) | १ | रिक्त | – | – | – | – |
| ७ | श्री नवदुर्गा आ.वि (१-८) | २ | दिपक ज्ञवाली<br>रिमा पाण्डे | – | – | श्री नवदुर्गा आं.वि (१-८)) | १ |
| ८ | श्री ज्ञानोदय आ.वि (१-८) | ३ | सिता न्यौपाने<br>मैया आचार्य<br>लक्ष्मी भण्डारी/<br>छविकला पाण्डे | – | – | श्री ज्ञानोदय आ.वि (१-८) | २ |
| ९ | श्री लक्ष्मीपुर मा.वि (१-१२) | २ | हेमन्त कुवँर<br>वासुदेव पाण्डे | श्री लक्ष्मीपुर मा.वि (१-१२) | २ | श्री लक्ष्मीपुर मा.वि (१-१२) | २ |
| १० | श्री ने.रा गगनपुर आ.वि (१-८) | २ | इन्द्रा कुमारी थापा<br>उममाया फौंजा | – | – | श्री ने.रा गगनपुर आ.वि (१-८) | २ |
| ११ | श्री जनता मा.वि (१-१२) | १ | सुलोचना पाण्डे | – | – | श्री जनता मा.वि (१-१२ | १ |
| १२ | श्री राम मा.वि (१-१०) | १ | रिक्त | श्री राम मा.वि (१-१० | १ | श्री राम मा.वि (१-१०) | १ |
| १३ | श्री जुनियाँ मा.वि (१-१०) | २ | रुक्मणी खाण<br>हरी प्रसाद वि.क | श्री जुनियाँ मा.वि (१-१०) | १ | श्री जुनियाँ मा.वि (१-१०) | २ |

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४ | श्री भानु आ.वि (१-८) | २ | तिलक सुनार<br>यामु राहदी | | – | श्री भानु आ.वि (१-८) | २ |
| १५ | श्री सरस्वती मा.वि, लिम्घा (१-१२) | २ | तिलकराम ज्ञवाली<br>तारा बहादुर श्रीस | – | – | श्री सरस्वती मा.वि, लिम्घा (१-१२) | १ |
| १६ | श्री साजपुर आ.वि (१-८) | १ | रिक्त | श्री साजपुर आ.वि (१-८) | १ | श्री साजपुर आ.वि (१-८) | १ |
| १७ | श्री धर्मपुर मा.वि (१-१२) | १ | दिलु थापा मगर | – | – | श्री धर्मपुर मा.वि (१-१२) | १ |
| १८ | श्री एकसीं मा.वि (१-१०) | १ | रोशन कुमार गाहा | | | श्री एकसीं मा.वि (१-१०) | १ |
| १९ | | | | श्री जो.र.प्र.ला मा.वि (१-१२) | १ | | |
| २० | | | | श्री सत्यवती मा.वि (१-१२) | २ | | |
| जम्मा | | २६ | | | ८ | | १८ |

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा वडा कार्यालयमा रहेका प्रशासन तर्फका करारका कर्मचारीहरुको नियुक्तिको निरन्तरताको निर्णय यस अघि नगरेको भए सो गर्ने र केन्द्रबाट प्राप्त स्वीकृत दरवन्दी यकिन गरी रिक्त दरवन्दी भए प्रदेश लोक सेवा आयोगको कार्यालयमा मागको आकृति फाराम भरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा कुनै वडाले बजेट तथा कार्यक्रम संशोधन गर्नुपर्ने भएमा यही माघ २२ गते सम्म संशोधनका लागि गाउँपालिकामा पठाउनुपर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा बजेट तथा कार्यक्रम संशोधनका लागि प्राप्त भईसकेपछि तयारी बैठकपछि गाउँ सभा बैठकको मिति तोक्ने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा प्रदेश सरकारबाट ७५,००,०००/- र गाउँपालिकाबाट ७५,००,०००/- गरी जम्मा १,५०,००,०००/- रकमबाट खरका छाना विस्थापन गर्ने कार्यक्रम अनुसार निम्नानुसारका वडाहरुमा निम्न घरधुरीलाई जस्ता पाता वितरण गर्ने निर्णय गरियो ।

निम्नः

| क्र. सं. | वडा नं. | घरधुरी संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ३३ | |
| २ | २ | ४७ | |
| ३ | ३ | ४५ | |
| ४ | ४ | २४ | |
| ५ | ५ | २३ | |
| ६ | ६ | २५ | |
| ७ | ७ | १७ | |
| ८ | ८ | १९ | |
| जम्मा | | २३३ | |

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा गरिब घर परिवार तथ्याङ्क संकलनमा सबै वडाहरुको सबै घरधुरीहरु नछुट्ने गरी गणकहरुलाई परिचालन गर्ने साथै सही तथ्याङ्क प्राप्तिको लागि प्रचार प्रसार र तथ्याङ्क संकलनमा गणकहरुलाई आवश्यक सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत वडा नं २ र ५ मा वडा कार्यालय भवनको लागि जग्गा प्राप्त भएकोले उक्त जग्गाको रजिष्टेशन शुल्क निशुल्क गर्न मालपोत कार्यालय, मजुवामा सिफारीस गर्ने निर्णय गरियो।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा प्रधानमन्त्रि रोजगार कार्यक्रमसँग सम्बन्धित योजनाहरु संशोधन गर्न पर्ने भएमा यही माघ २२ गते सम्ममा गाउँपालिकामा पठाउने र योजनाहरुलाई केही गृहकार्य गरेपश्चात् छनौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ रुद्रवेणीमा 'क' वर्गका बैंकहरु संचालनमा आएकोले सोको सुरक्षार्थ प्रहरी चौकी स्थापनाका लागि जिल्ला सुरक्षा समिति, गुल्मीमा सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा आधारभूत तह (कक्षा ८) को परीक्षा संचालन तथा व्यवस्थापन प्रयोजनार्थ तपसिल बमोजिमको ९ सदस्यीय परीक्षा संचालन तथा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

तपसिलः

संयोजक – श्री झविश्वर रेग्मी, प्रमुख प्रशासकीय अधिकृत
सदस्य – श्री छविलाल भण्डारी, प्रधानाध्यापक
सदस्य – श्री लक्ष्मण ढकाल, प्रधानाध्यापक
सदस्य – श्री देवी प्रसाद भण्डारी, प्रधानाध्यापक
सदस्य – श्री कृष्ण बहादुर थापा, शिक्षक
सदस्य – श्री गुठ बहादुर सिंजाली, शिक्षक
सदस्य – श्री होमनाथ बराल, शिक्षक
सदस्य – श्री प्रमिला पछाई, प्राविधिक सहायक
सदस्य सचिव – श्री रोशन घिमिरे, शिक्षा अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष

निर्णय नं. ११: प्रस्ताव नं. ११ माथि छलफल गर्दा कोभिड-१९, विपद् वा अन्य महामारीका कारणले मृत्यु हुने व्यक्तिको परिवारलाई प्रति व्यक्ति रु. २०,०००/- काजक्रिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२: प्रस्ताव नं. १२ माथि छलफल गर्दा यस गाउँपालिकाको वडा नं. १ द्वाँगा, वडा नं. ३ लुम्पेक, वडा नं. ६ जोहाङ्ग, वडा नं. ७ जुनियाँ र वडा नं. ८ भार्सेलाई मकै जोन प्लट तोक्नको लागि सिफारीस गर्ने निर्णय गरियो ।

निर्णय नं. १३: प्रस्ताव नं. १३ माथि छलफल गर्दा वडाबाट प्राप्त भएका सुकुम्वासी परिवार मध्येबाट प्राथमिकताको आधारमा अर्को बैठकले छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

निर्णय नं. १४: प्रस्ताव नं. १४ माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिल:

क) सामुदायिक विद्यालयको स्थायीत्वका लागि राहत दरवन्दी मात्र रहेको विद्यालय (श्री गणेश आ.वि, श्री हिमालय आ.वि. र श्री पुष्पमोहन आ.वि.) मा उक्त राहत दरवन्दी स्थानान्तरण गरेर भएता पनि स्वीकृत स्थायी दरवन्दी कायम गर्ने निर्णय गरियो ।

ख) वडा नं. २, ४ र ५ को वडा कार्यालय भवन एक तला आगामी वर्ष सम्पन्न गर्ने गरी बहुवर्षीय टेण्डर गर्ने निर्णय गरियो ।

ग) कालीगण्डकी र रुद्रावती कृषि तथा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले आफ्नो वडा र छिमेकी वडालाई समेत रसायनिक मल विउ वितरण गर्ने गरेकोले डिलरसिपको लागि साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेड, भैरहवालाई सिफारीस गर्ने निर्णय गरियो ।

घ) यस गाउँपालिका भित्र संचालनमा रहेका अनुमति प्राप्त सहकारी संस्थाहरुले कृषि सामग्री कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ्ग कम्पनी लिमिटेडबाट खरिद गरिएका रासायनिक मल देहाय बमोजिम बिक्री वितरण गर्ने गरी दररेट तोक्ने निर्णय गरियो ।

निम्न:

| क्र. सं. | मलको विवरण | दररेट (प्रति के.जी.) | कैफियत |
|---|---|---|---|
| १ | युरिया | रु.२५/- | |
| २ | डि.ए.पी. | रु.५५/- | |
| ३ | पोटास | रु.४०/- | |

प्रमुख प्रशासकीय अधिकृत

पारिश्वर ढकाल
अध्यक्ष